# बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
३ नं. प्रदेश, नेपाल


पत्र संख्याः

चलानी नं.: ४४३३

मितिः २०७४।१२।२९

विषय : **सामुदायिक विद्यालयहरुमा विद्यार्थी भर्ना अभियान सञ्चालन गर्ने सम्बन्धमा ।**

श्री वडा अध्यक्ष ज्यू,
....सबै....नं. वडा समितिको कार्यालय
बनेपा नगर कार्यपालिका ।

प्रस्तुत विषयमा **"हामी सबैको इच्छा, अनिवार्य नि:शुल्क आधारभूत शिक्षा" र "एक बच्चाको भर्ना मेरो सामाजिक दायित्व, पहुँचको सुनिश्चितता र सिकाइमा स्थायित्व"** भन्ने नाराका साथ शैक्षिक सत्र २०७५ को लागि विद्यार्थी भर्ना अभियान सञ्चालन गर्ने नेपाल सरकारको निर्णय भए अनुसार यस बनेपा नगरपालिका क्षेत्र भित्रका विद्यालय जाने उमेर पुगेका बालबालिकाहरू अनिवार्य रुपमा विद्यालयमा भर्ना गर्न, भर्ना भएकै दिन पूरा सेटमा पाठ्यपुस्तक उपलब्ध गराउन, विद्यालयमा बालमैत्री वातावरण बनाउन र भर्ना भएका बालबालिकाहरूलाई टिकाइ राख्न यही बैशाख २ गतेबाट विद्यार्थी भर्ना तथा पाठ्यपुस्तक वितरण अभियानमा सहभागिता जनाउन जनप्रतिनिधिहरू, राष्ट्रसेवक, कलाकार, सामाजिक अभियन्ता, शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक अभिभावक संघ, उद्योगी, व्यापारी, बुद्धिजिवी, नागरिक समाज, सरकारी एवम् गैह्रसरकारी संघसंस्था, निजी क्षेत्र, सञ्चार कर्मी, प्राध्यापक, शिक्षाविद, पेसागत संघसंस्था एवम् राजनीतिक दल लगायत सम्पूर्ण महानुभावहरूमा प्रेरित गर्दै आ-आफ्ना क्षेत्रका विद्यालयहरूमा भर्ना अभियान सफल पार्नुहुन भर्ना कार्यक्रम सहित अनुरोध छ ।

**भर्ना कार्यक्रमः-**

- चार वर्ष उमेर पुरा गरेका बालबालिकाहरूलाई प्रारम्भिक बालशिक्षा कक्षामा भर्ना गराउने व्यवस्था गर्ने ।
- २०७५ साल बैशाख २ गतेदेखि १४ गतेसम्म पहिलो चरणमा भर्ना हुन आउने विद्यार्थीहरूलाई पूर्ण सेटमा पाठ्यपुस्तक (कक्षा १ देखि ५ सम्मको हकमा रङ्गिन पाठ्यपुस्तक) र मुस्कान सहितको फूल अबिर तथा स्थानीय संस्कृति अनुसार स्वागत गर्दै विद्यालयको पठन-पाठन कार्यलाई नियमित रुपमा सञ्चालन गर्ने ।
- बैसाख १४ गतेसम्म विद्यालयमा भर्ना हुन नआएका आफ्ना सेवा क्षेत्र भित्रका सूचिकृत गरिएका बालबालिकाहरूका लागि दोश्रो चरणमा भर्ना गर्न निमन्त्रणा पत्र सहित घरदैलो भ्रमण गरी अभिभावकहरूलाई शिक्षाको महत्व सम्बन्धी परामर्श गरी बैशाख महिनाको १५ गतेदेखि ३० गतेसम्म भर्ना गराउने ।
- आ-आफ्नो विद्यालय सेवाक्षेत्रहरूमा अनिवार्य तथा नि:शुल्क शिक्षा लागू गर्नका लागि लक्षित समूहका विद्यालय उमेर समूहका कुनै पनि बालबालिका विद्यालय बाहिर नरहने गरी प्रतिबद्धताका साथ कार्यक्रम घोषणा गर्ने ।
- बालाबालिकाहरूलाई टिकाइ राख्न र गुणस्तरीय शिक्षाको व्यवस्थापनका लागि विद्यालयले अवलम्वन गर्नुपर्ने समाहित शिक्षा पद्धतिमा आधारित बालमैत्री, लैङ्गिकमैत्री विद्यालय वातावरण विकासका लागि विद्यालय सुधार योजना सहितको कार्ययोजना निर्माण गरी समन्वयात्मक रुपमा कार्यान्वयन गर्ने ।

O/C
छु.

(लक्ष्मीनरसिंह बादे श्रेष्ठ)
प्रमुख

प्रमुख


फोन नं. :- प्रमुख ०११-६६२०८१, एक्सचेन्ज ०११-६६१२८१, कार्यालय ०११-६६१४०७, फ्याक्स ०११-६६१४१९, पो.ब.नं. ५०९, बनेपा
E-mail: ict.banepamun@gmail.com

# बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बनेपा, कार्यपालिका चोक
३ नं. प्रदेश, नेपाल


पत्र संख्या:

चलानी नं.: ४४३२

मिति: ..........२०७४।१२।२९

विषय : **सामुदायिक विद्यालयहरुमा विद्यार्थी भर्ना अभियान सञ्चालन गर्ने सम्बन्धमा ।**

श्री आधारभूत र माध्यमिक विद्यालय, सबै
बनेपा नगर कार्यपालिका ।

प्रस्तुत विषयमा **"हामी सबैको इच्छा, अनिवार्य निःशुल्क आधारभूत शिक्षा" र "एक बच्चाको भर्ना मेरो सामाजिक दायित्व, पहुँचको सुनिश्चितता र सिकाइमा स्थायित्व"** भन्ने नाराका साथ शैक्षिक सत्र २०७५ को लागि विद्यार्थी भर्ना अभियान सञ्चालन गर्ने नेपाल सरकारको निर्णय भए अनुसार यस बनेपा नगरपालिका क्षेत्र भित्रका विद्यालय जाने उमेर पुगेका बालबालिकाहरू अनिवार्य रुपमा विद्यालयमा भर्ना गर्न, भर्ना भएकै दिन पूरा सेटमा पाठ्यपुस्तक उपलब्ध गराउन, विद्यालयमा बालमैत्री वातावरण बनाउन र भर्ना भएका बालबालिकाहरूलाई टिकाइ राख्न यही बैशाख २ गतेबाट विद्यार्थी भर्ना तथा पाठ्यपुस्तक वितरण अभियानमा सहभागिता जनाउन जनप्रतिनिधिहरू, राष्ट्रसेवक, कलाकार, सामाजिक अभियन्ता, शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक अभिभावक संघ, उद्योगी, व्यापारी, बुद्धिजिवी, नागरिक समाज, सरकारी एवम् गैह्रसरकारी संघसंस्था, निजी क्षेत्र, सञ्चार कर्मी, प्राध्यापक, शिक्षाविद, पेसागत संघसंस्था एवम् राजनीतिक दल लगायत सम्पूर्ण महानुभावहरूमा हार्दिक अनुरोध गर्दै भर्ना अभियान सफल पार्नुहुन भर्ना कार्यक्रम सहित जानकारी गराइन्छ ।

**भर्ना कार्यक्रमः-**

- चार वर्ष उमेर पुरा गरेका बालबालिकाहरूलाई प्रारम्भिक बालशिक्षा कक्षामा भर्ना गराउने व्यवस्था गर्ने ।
- २०७५ साल बैशाख २ गतेदेखि १४ गतेसम्म पहिलो चरणमा भर्ना हुन आउने विद्यार्थीहरूलाई पूर्ण सेटमा पाठ्यपुस्तक (कक्षा १ देखि ५ सम्मको हकमा रङ्गिन पाठ्यपुस्तक) र मुस्कान सहितको फूल अबिर तथा स्थानीय संस्कृति अनुसार स्वागत गर्दै विद्यालयको पठन-पाठन कार्यलाई नियमित रुपमा सञ्चालन गर्ने ।
- बैशाख १४ गतेसम्म विद्यालयमा भर्ना हुन नआएका आफ्ना सेवा क्षेत्र भित्रका सूचिकृत गरिएका बालबालिकाहरूका लागि दोश्रो चरणमा भर्ना गर्न निमन्त्रणा पत्र सहित घरदैलो भ्रमण गरी अभिभावकहरूलाई शिक्षाको महत्व सम्बन्धी परामर्श गरी बैशाख महिनाको १५ गतेदेखि ३० गतेसम्म भर्ना गराउने ।
- आ-आफ्नो विद्यालय सेवाक्षेत्रहरूमा अनिवार्य तथा निःशुल्क शिक्षा लागू गर्नका लागि लक्षित समूहका विद्यालय उमेर समूहका कुनै पनि बालबालिका विद्यालय बाहिर नरहने गरी प्रतिबद्धताका साथ कार्यक्रम घोषणा गर्ने ।
- बालाबालिकाहरूलाई टिकाइ राख्न र गुणस्तरीय शिक्षाको व्यवस्थापनका लागि विद्यालयले अवलम्वन गर्नुपर्ने समाहित शिक्षा पद्धतिमा आधारित बालमैत्री, लैङ्गिकमैत्री विद्यालय वातावरण विकासका लागि विद्यालय सुधार योजना सहितको कार्ययोजना निर्माण गरी समन्वयात्मक रुपमा कार्यान्वयन गर्ने ।

(लक्ष्मीनरसिंह बादे श्रेष्ठ)
प्रमुख

प्रमुख


फोन नं. :- प्रमुख ०११-६६२०८१, एक्सचेन्ज ०११-६६१२८१, कार्यालय ०११-६६१४०७, फ्याक्स ०११-६६१४१९, पो.ब.नं. ५०९, बनेपा
E-mail: ict.banepamun@gmail.com